# संसदमा पत्रकारको भूमिका र नैतिकता



ईश्वरी सुवेदी *

**सारांश**

संसद राजनीतिक नेताहरूको जमघट हुने ठाउँ भएकाले त्यहाँ फरक राजनीतिक विचारधारा आउने गर्दछन् । राजनीतिमा नेता र पत्रकारबीचको सम्बन्ध अनिवार्य छ तर दुवैको हिड्ने बाटो भने फरक हुन्छ । राजनीतिज्ञ र पत्रकारको सम्बन्ध अन्तरक्रियात्मक हुनुपर्दछ । दुवै शक्ति सन्तुलनका हिसाबले महत्वपूर्ण हुन् । एकले अर्काको सहयोग लिएर अघि बढ्नुपर्ने भएपनि दुवैले आ-आफ्नो जिम्मेवारी वहन गर्नुपर्दछ । सकारात्मक कामको सकारात्मक नै प्रशंसा गर्नुपर्दछ । जब पत्रकार कुनै दल या समूहसँग निकट सम्बन्ध राखेर काम गर्छ, तब उसमा तटस्थता, विश्वसनीयता, सन्तुलन र निष्पक्षताको आशा गर्नु व्यर्थ हुन्छ । पत्रकारले कमाउनुपर्ने सबैभन्दा अमूल्य धन भनेको विश्वसनीयता नै हो । लोकतन्त्रमा लोकतान्त्रिक पत्रकारिताकै उदय हुन्छ । नेपाली पत्रकारिता संकटबाट गुज्रँदै यहाँसम्म आइपुग्नमा राजनीति दलकै भूमिका छ । पत्रकारितामा पेशाप्रतिको धर्म हुनुपर्दछ । त्यसभन्दा विपरीत जान थाल्ने हो भने मुलुकमा पत्रकारिताको आवश्यकता नै नपर्ने स्थिति आउन जान्छ । राजनीतिज्ञसँग पत्रकार सधैं नजिक रहेर बस्नुपर्ने हुन्छ तर जनतालाई सत्य जानकारी दिन भने पत्रकार हिचकिचाउनु हुँदैन । विश्वमा राजनीतिक पत्रकारमाथि प्रश्न उठ्न थालेको छ । पत्रकारले तटस्थ भूमिका नखेली पूर्वाग्रही भएको कुरा आउने गरेको छ । पत्रकारितालाई सुधार गर्नुपर्ने खाँचो देखिएको छ । पत्रकारितालाई सुधार गर्नका लागि यसले को-कसरी आफ्नो सीमाभित्र बाँधिने हो र कसको दायित्व के हो भन्ने कुरालाई हेर्नुपर्ने हुन्छ । यस लेखमा यिनै विषयवस्तुहरूलाई प्रष्ट पारिएको छ ।

**परिचय**

संसदलाई लोकतन्त्रको जननी मानिन्छ । राजनीतिक दलको भूमिका संसदमा महत्वपूर्ण हुन्छ । संसदमा हुने कतिपय निर्णय महाअभियोग, अविश्वासको प्रस्ताव, नीति कार्यक्रम अस्वीकार जस्ता विषय राजनीतिक दलको निर्णयबाट सञ्चालित हुन्छन् । संसद सञ्चालन गर्न बोलाइने

* पत्रकार, संसदीय मामिला

अधिवेशनभरि नै राजनीतिक दलको भूमिका रहिरहन्छ । संसद तथा संसदीय समितिमा कानून निर्माणका जटिलता फुकाउन तथा कुनै कुरा उठान गर्नुपर्ने भयो भने संसदीय दलको बैठक बसेर औपचारिक वा अनौपचारिक निर्णय गरिन्छ । केही विवादित विषयमा शीर्ष नेता र सरोकारवालाबीच सहमति गरिन्छ । संसदीय दललाई प्रभावित पार्ने काम नेतृत्व तह र पार्टीको केन्द्रीय समितिले गर्दछ । पत्रकारिताले यसैभित्र बसेर Watch Dog को भूमिका गरेको हुन्छ । जुनसुकै निर्णय गर्न खोजेपनि त्यसले राज्यमा पार्ने प्रभावका बारेमा बौद्धिक बहस गराउने, कमीकमजोरी खोतल्ने जस्ता काम पत्रकारिताले गर्दछ । पत्रकारिताले सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक लगायतका पक्षको चिरफार गर्ने भएकोले यो शून्यतामा सञ्चालन हुँदैन । संसदमा राजनीतिक र प्राविधिक दुवै किसिमका काम हुने हुँदा संसदीय पत्रकारिता महत्वपूर्ण मानिन्छ । शक्ति सन्तुलनको हिसाबले कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका तीनवटै अङ्गको महत्वपूर्ण भूमिका छ । कार्यपालिकाले विभिन्न रूपमा व्यवस्थापिकालाई प्रभावित पार्न खोजेको छ कि भन्ने प्रश्न पत्रकारिताले उठान गर्ने विषय हो । सरकारले संसदमा कस्तो कानून ल्याउँदै छ भन्ने विषय पनि संसदीय पत्रकारिताको अध्ययन क्षेत्रभित्र राख्न सकिन्छ । संसद बैठकको कार्यसूचीमा सरकारले कुन कानूनलाई प्राथमिकता दियो भन्ने विषय पनि संसदीय पत्रकारिताको समाचारको विषय हो । नेपालमा संसदीय पत्रकारिताको अभ्यास २०१६ सालपछि भएको मानिन्छ । पञ्चायतकालमा छद्मभेषी रूपमा राष्ट्रिय पञ्चायतको रिपोर्टिङ गरिन्थ्यो । पत्रकारले सरकारले बजेट कस्तो ल्याउँदैछ भन्ने कुरा त कहाँ हो कहाँ, कहिले ल्याउँदैछ भन्ने कुरा समेत प्रकाशित गर्न पाउने अवस्था थिएन । २०४७ मा प्रजातन्त्रको पुनःस्थापना भएपछि पत्रकारितामा व्यापक सुधार आयो । यस समयमा धेरै पत्रपत्रिका दर्ता भएका थिए । संसद्का समितिको रिपोर्टिङमा केही कठिनाइ भने थिए । २०६२/०६३ पछिको पुनर्स्थापित संसद, २०६४ को पहिलो संविधान सभा र २०७० को दोस्रो संविधान सभा, २०७२ असोज ३ गते संविधान जारी गरेपछिको पुनर्स्थापित संसद र २०७४ को प्रतिनिधि सभा र राष्ट्रिय सभाको गठन पछिका संसदीय समितिका रिपोर्टिङ खुला रूपमा छन् । यसबाट संसदीय प्रभावकारितामा व्यापक वृद्धि भएको देखिन्छ । समितिले पनि यस बीचमा महत्वपूर्ण निर्देशन गरेको छ । फास्ट ट्र्याक, एमआरपी खरिद, सुडान घोटाला, एनसेलको कर उठाउने जस्ता महत्वपूर्ण विषयमा व्यापक छलफल भएको छ ।

**पत्रकारिताका सैद्धान्तिक पक्ष**

पत्रकारिता एउटा सिद्धान्तभित्र रहेर आएको हुन्छ । विश्वमा मुख्य गरी पत्रकारिताका चार प्रकारका सिद्धान्त प्रयोगमा आएको देखिन्छ, जसमा Authoritarian Theory, Communist Theory, Libertarian Theory र Social Responsibility Theory छन् । पहिलो पटक Fred, Peterson and Wilbur Schramm ले 'प्रेसका चार सिद्धान्त' भन्ने पुस्तकमा Normative Theory प्रस्ताव गरेका थिए । Normative Theory भन्ने पुस्तक संयुक्त अमेरिकामा कम्यूनिज्म र सोभियतको शीतयुद्ध अवधिमा ल्याइएको थियो । यसलाई मास मिडियाको पश्चिमी सिद्धान्त भनिन्छ । Normative

Theory ले मिडिया प्रणालीलाई नियन्त्रण गर्न र सरकार अधिकार, नेता र जनताबाट सञ्चालन गर्नका लागि एक आदर्श तरिका वर्णन गर्दछ ।

नेपालको पत्रकारिता अहिले स्वतन्त्रवादी (Libertarian Theory) सिद्धान्तबाट अघि बढेको छ । यस सिद्धान्तले पत्रकारितालाई स्वतन्त्र राखेको छ । संविधानले पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरेको छ । २०६३ देखि नै नेपालमा स्वतन्त्रतावादी सिद्धान्तमा आधारित पत्रकारिताको अभ्यास भएको छ । स्वतन्त्रतावादी सिद्धान्त मिडियामा रहेको अधिनायकवादी सिद्धान्तको विरोधी हो । यस सिद्धान्तका संस्थापक (मिल्टन, लक, मिल आदि) ले उल्लेख गरेका छन् प्रेसले सुसूचित गर्दछ, मनोरञ्जन दिन्छ, बेच्छ र सत्यको खोजी गर्न सहयोग गर्दछ । यो विचारहरूको निःशुल्क बजार हो, जहाँ कुनै पनि आफ्नो विचारहरू र अभिव्यक्तिहरू प्रकाशित गर्नसक्छ भन्ने यो सिद्धान्तको मान्यता छ । यस सिद्धान्तले सत्य र झुटको बीचमा भिन्नता राख्दछ, विचार अभिव्यक्ति व्यक्त गर्ने अनुमति दिन्छ । यो सिद्धान्त बमोजिम सरकार र मिडियाबीच कुनै सम्बन्ध छैन, प्रेस सेन्सरसिपबाट स्वतन्त्र छ । मिडियालाई पनि प्रहरीको रूपमा हेरिन्छ । अधिनायकवादी सिद्धान्तको विरूद्ध विद्रोह गर्दा प्रारम्भिक स्वतन्त्रतावादीहरूले तर्क गरेका थिए मिडिया सञ्चालनमा कुनै कानून हुनुहुँदैन । उनीहरूको तर्क थियो, "Free press means that all forms of media must be totally unregulated." त्यसैले यो सिद्धान्तबाट भएको पत्रकारिताले समाजमा व्यापक जनता सुसूचित गरेको पाइन्छ ।

नेपालमा पत्रकारिताको विकास प्रक्रिया त्यति लामो छैन । राणाकालीन अवस्थामा पत्रकारितामा समाचारको माध्यमबाट भन्दा साहित्यिक कृतिबाट विकृति विसंगतिलाई बाहिर ल्याउने काम गरिन्थ्यो । सर्वसत्तावादी सिद्धान्त (Authoritarian Theory) बाट पत्रकारिता गुज्रिएको अवस्था थियो । यस्तो अवस्थामा राणा सरकारले जे भन्यो, त्यो मान्नुपर्ने अवस्था थियो नत्र पत्रकारको ज्यान जोखिममा पर्दथ्यो । शिक्षाको विकास भइसकेको थिएन । २००७ सालमा प्रजातन्त्र आएपछि नेपाली पत्रकारिता केही खुकुलो भएको देखिन्छ । २०१६ सालसम्मको पत्रकारिता सामाजिक दायित्वको सिद्धान्त (Social Responsibility Theory) मा आधारित थियो । कुनै पनि विषय बाहिर ल्याउनु भन्दा पहिला सामाजिक नैतिकतालाई ध्यानमा राखेर हेरिन्थ्यो । २०१७ सालमा राजा महेन्द्रले निरंकुश पञ्चायती व्यवस्था लागू गरेपछि नेपाली मेडिया फेरि खुम्चिन पुगेको थियो । २०१७ देखि २०३६ सालसम्ममा पञ्चायती व्यवस्थाले नेपाली पत्रकारितामा सर्वसत्तावादी सिद्धान्त लागू गर्‍यो । यस अवस्थामा नेपाली पत्रकारितामा व्यापक सेन्सर गर्न थालियो । २०३६ सालको जनमत संग्रहपछि भने नेपाली पत्रकारितामा केही सुधार भएको छ । पञ्चायती व्यवस्थाको तुलनामा बढी नै पत्रिकाहरू निस्कन थालेको पाइन्छ । तर यो समयमा कुन सिद्धान्त प्रयोग भयो भन्ने कुरा भन्न सकिने अवस्था छैन । २०३६ देखि २०४७ सालसम्मलाई पत्रकारिताको संक्रमणकाल मानिन्छ । २०४७ देखि २०५९ सालसम्म यसमा केही भिन्न अवस्था आयो । यसभन्दा अघिका व्यवस्थामा पत्रकारितामा केही स्वतन्त्रताको अनुभूति भएको देखिन्छ । तर राजतन्त्रको व्यवस्था, २०५१ सालको माओवादी द्वन्द्व र राज्यको संकटकालीन व्यवस्थाले पत्रकारितामा केही कठिनाइ उत्पन्न भएको थियो । २०५९ साल असोज १८ को शाही घोषणापछि भने नेपाली पत्रकारितामा फेरि सर्वसत्तावादी सिद्धान्तको प्रयोग

भएको थियो । २०६२/०६३ सालको परिवर्तनसँगै पत्रकारिता पनि पूर्ण स्वतन्त्र बन्न पुगेको छ । यसबाट के देखिन्छ भने बहुदलीय राजनीतिक व्यवस्था र स्वतन्त्र पत्रकारिताको उदय सँगसँगै हुन पुग्दछ । समाचारका माध्यममा विविधता आउन थालेको छ । पत्रपत्रिका, टेलिभिजन, रेडियो, अनलाइन, युट्युब, टुइटर, फेसवुक लगायतबाट समाचार सम्प्रेषण हुन थालेको छ । सरकारको प्रतिपक्षको काम पत्रकारिताले गरेको छ । प्रविधिको विकासले वास्तवमा नेपाली पत्रकारिताले छोटो समयमा व्यापक फड्को मारेको छ । लोकतन्त्रलाई functioning गर्नका लागि महत्वपूर्ण भूमिका पत्रकारिताले गरेको छ । पत्रकारिताकै कारण लुकेर रहेको राजनीतिक दल वा नेतालाई माथि ल्याउने काम पनि भएको छ ।

**संसद र पत्रकार**

राजनीतिज्ञ र पत्रकारबीचको सम्बन्ध विपरीतको हुनुपर्दछ । सांसद पनि राजनीतिक कार्यकर्ता हुन् भने अन्य पार्टीका सदस्य पनि राजनीतिक कार्यकर्ता नै हुन् । राजनीतिक कार्यकर्ता र पत्रकारिता हिँड्ने गोरेटाहरू अलग–अलग हुन्छन् । राजनीतिक कार्यकर्ताले जस्तो पत्रकारले तथ्यभन्दा बाहिर गएमा पत्रकार, पत्रकारको रूपमा रहन सक्दैन । राजनीतिज्ञले पार्टीका हरेक एजेन्डालाई राज्यको आवश्यकताका रूपमा चित्रित गर्ने मात्रै होइन, पार्टीले गरेका गलत क्रियाकलापलाई पनि तथ्यपूर्ण तवरले पुष्टि गर्ने चेष्टा गर्दछन् । त्यसमा पत्रकार यसरी सजग हुनुपर्दछ कि जसबाट सत्य घटना बाहिर जाओस् । पत्रकारले सत्यता बाहिर ल्याउनुपर्ने कारण भनेको जनतासँग पत्रकार झुट हुनुहुँदैन भन्ने हो । अक्सफोर्ड रिसर्च इन्साइक्लोपीडियाका अनुसार 'राजनीतिक पत्रकारिताको लोकप्रियता बढ्दै गइरहेको छ र यो पत्रकारिताको एक महत्पूर्ण क्षेत्र हुन गएको छ । राजनीतिज्ञ र पत्रकार दुवै एक अर्काका विपरीत हिंड्ने भएपनि समग्र प्रणाली सञ्चालनमा दुवैको सम्बन्धको भने आवश्यकता छ । पत्रकार र राजनीतिज्ञबीचको सम्बन्धमा केही variable हरू हुन्छन् । विशेष गरी भरोसा र पारस्परिक नियन्त्रणद्वारा दुवैको सम्बन्ध सञ्चालित हुन्छ । दुवैको सम्बन्धले शक्ति सन्तुलनको सिर्जना गर्न र शक्ति सन्तुलन कायम राख्न सक्छन् ।

राजनीतिक पत्रकारिता भनेको प्रजातान्त्रिक प्रक्रियाको सहयोगी हुनु हो । राजनीतिक पत्रकारितालाई तरङ्गित पार्ने चार अवधारणाहरू छन् । यी अवधारणाहरू हुन्; Politics as a strategic game, Interpretive versus straight news, Conflict framing and media negativity, and Political or partisan bias. पत्रकारिताको अनुसन्धानको निष्कर्षलाई थप बल दिनका लागि पत्रकार राजनीतिज्ञ र अधिकारीबीचको ठूलो अन्तरक्रियाको आवश्यकता हुन्छ । दुई समूहका बीचको अन्तरक्रियाले चार प्रकारको परिणाम दिन्छ । ती हुन्; Documentation, Promotional, Watchdog and Collaborative journalism । एडवर्ड मोरिसे (Edward Morrissey) ले theweek.com मा लेखेका छन्, "राजनीतिक पत्रकारितामा बारम्बार आफ्नो विचार पनि समावेश हुन्छ, जसले वर्तमान राजनीतिक घटनाहरूको रिपोर्टिङमा पूर्वाग्रही हुने गर्दछ ।" यसले के देखाउँछ भने यसको परिप्रेक्ष्य व्यक्तिपरक हो र एक दृष्टिकोणमा झुकाव हो । ब्रान्डन न्याहान र जोन साइड्सको तर्क छ कि

“राजनीतिमा रिपोर्ट गर्ने पत्रकारहरू राजनीति विज्ञान अनुसन्धानबाट प्रायजसो अपरिचित हुन्छन् ।” जसबाट जुन कुराको रिपोर्ट भइरहेको छ त्यो कुराले फरक “स्पिन” लिन सक्दछ । जेफ्री बाइम (Geoffrey Baym) का अनुसार प्रदान गरिएको जानकारीलाई "fake news" मात्र सकिन्न तर राजनीतिक घटनाहरू उपलब्ध गराउँदा मनोरञ्जन तथा तथ्य समाचार रेखा अस्पष्ट वा पूर्वाग्रही देखिन्छ । पत्रकारिताले आफ्नो जिम्मेवारी पूरा गर्नका लागि विभिन्न अध्ययन अनुसन्धान अन्तवार्ता लगायतका काम गर्दछ । तर कतिपयले भने अधिकारभन्दा माथि जान खोजेको पनि आरोप लगाउने गर्दछन् । राजनीतिज्ञ Stanley Baldwin ले टिप्पणी गरे “पत्रकारहरूले जिम्मेवारी विनाको शक्ति खोज्नु एक प्रकारको वेश्यावृत्ति हो ।”

पत्रकार राजनीतिभन्दा अलग हुनुपर्दछ भनेको पत्रकारले राजनीति गर्नहुँदैन भन्ने हो । राजनीति र पत्रकारिता एउटै बाटोबाट कहिल्यै हिँड्न सक्दैनन् । नेपालमा कृष्णप्रसाद भट्टराई, रमेशनाथ पाण्डे, गगन थापा, योगेश भट्टराई, प्रकाशमान सिंह जस्ता कैयौं राजनीतिकर्मीहरू पत्रकारिताको पृष्ठभूमिबाट राजनीतिमा आएका हुन् । तर उनीहरू जब राजनीतिमा खुलेर लागे, तब पत्रकारिता क्षेत्रबाट भने पूरै गुमनाम भए । अधिकांश अखबारहरू ठूला व्यापारिक घरना वा स्वार्थ समूहले सञ्चालन गरेको हुन्छ र तिनले आफ्ना अधिकांश पत्रकारलाई शक्तिको सेवामा प्रोत्साहित गर्दछन् भन्ने विश्लेषण भएको पाइन्छ । दक्षिण अफ्रिकामा पत्रकार र राजनीतिज्ञहरूले सेतो पूँजीवादी कुलीन वर्गलाई कमजोर पार्न वा उखेल्न चाहन्छन् । त्यहाँ पत्रकार र राजनीतिज्ञहरूबीच सधैं वैचारिक सम्बन्ध रहेको छ । एक राजनीतिज्ञको काम सार्वजनिक सोच व्यवस्थापन गर्नु हो । यसको मतलब राजनीतिज्ञले चाहेको कुरा लुकाउनु होइन र जनताबाट उसलाई बेवास्ता गर्ने नाममा सत्य कुरा लुकाई झुक्याउनु होइन । एक पत्रकारले जनतालाई वास्तवमै के हुँदैछ भनेर बताउन खोज्नु हो तर राजनीतिज्ञको पूर्ण विश्वासमा परेर होइन । राजनीतिज्ञले लुकाउनु पर्ने कारण पत्रकारले उजागर गरेन भने यस्ता कुराले राजनीतिक भ्रष्टाचारलाई सहज बनाउँदछ । पत्रकार एच एल मेनकन (HL Mencken) ले यस्तो टिप्पणी गरेका छन् कि ‘पत्रकारले राजनीतिज्ञलाई हेर्नुपर्ने एक मात्र तरिकामा गिरावट आएको छ’ । राजनीतिक पत्रकारिता पत्रकारिताको एक व्यापक शाखा हो, जसमा राजनीति र राजनीति विज्ञानको सबै पक्षको समावेश छ, यद्यपि यो शब्द सामान्यतयाः नागरिक, सरकार र राजनीतिक शक्तिको समावेशलाई जनाउँछ । राजनीतिक पत्रकारिताले मतदातालाई उनीहरूको आफ्नै राय बनाउने र समुदाय, स्थानीय वा राष्ट्रिय मामिलामा उनीहरूलाई प्रभाव पार्ने जानकारीहरू प्रदान गर्दछ । राजनीतिक पत्रकारिता प्रिन्ट, प्रसारण वा अनलाइन रिपोर्टिङमा विभिन्न माध्यमहरू मार्फत प्रदान गरिएको छ । डिजिटल मिडिया उपयोग बढेको छ र यसले अभियान, राजनीति, घटना समाचार र उम्मेदवारको लागि सुलभ प्लेटफर्मको द्रुत कभरेज गर्दछ । The New York Times र The Washington Post जस्ता राजनीतिक पत्रकारिताका लागि परिचित मिडिया आउटलेटहरूले पनि यस माध्यमको प्रयोग बढाउँदै छन् ।

**संसदमा पत्रकारको भूमिका**

निर्वाचित राजनीतिज्ञहरूको भेला हुने निकायमा संसद पर्दछ । निर्वाचनबाट विजयी उमेदवार सांसद बन्दछ । संसदको प्रभावकारिता अभिवृद्धि गर्ने विभिन्न संयन्त्र खडा छन् । ती मध्ये संसदको पत्रकारिता एक हो । संसद पत्रकारिता जति सशक्त हुन्छ, संसदको प्रभावकारिता पनि बढ्दै जान्छ । हिजोको संसद, आजको संसद र भोलिको संसद जनतामुखी नै हुनुपर्छ भन्ने मान्यता छ । यसमा पत्रकारको ध्यान जानुपर्दछ । आधुनिक सञ्चार पद्धति बमोजिम ठूलो परिवर्तनका लागि थोरै शक्तिको प्रयोग गर्न सकिन्छ भन्ने साइवरनेटिक सिद्धान्तले मानेको छ । समाचारबाट बाहिर गएका विषयले सानो भएपनि ठूलो प्रभाव पर्ने हुँदा पत्रकारिताको महत्वपूर्ण भूमिका छ । संसदमा शून्य समयमा बोलेको एक मिनेटको कुरा सञ्चार माध्यमबाट बाहिर गएपछि कहिले त्यसले ठूलो प्रभाव पारेको पनि हुनसक्छ । कुनै व्यक्तिले बोलेको कुरा मात्रै नभई उसको हाउभाउ गतिविधिको पनि अध्ययन गर्नुपर्दछ भन्ने मान्यता सञ्चार सिद्धान्तले राख्दछ । जसबाट संसदमा उठेका विषय, हाउभाउ आदिलाई ध्यानमा दिएर समाचार प्रकाशन प्रशारण गर्नुपर्ने दायित्व पत्रकारितामा छ । संसदमा हुने विभिन्न गतिविधिको सहि तरिकाले प्रकाशन र प्रशारण हुन आवश्यक हुन्छ । यसका लागि अनुभवी, विषयको ज्ञान, नैतिक चरित्र, राजनीतिक रूपमा तटस्थ हुने पत्रकारको खाँचो पर्दछ । यसको मतलब संसदको रिपोर्टिङमा एकाग्रता र लेखन गतिको ठूलो सम्झौता चाहिन्छ । पत्रकार नैतिकतामा अडिकनु पर्दछ, पक्षपाती हुनुहुँदैन । आफ्नो लेखमा प्रतिविम्बित भएको विषयमा अनुमानहरू राख्नु हुँदैन । पत्रकारिताभित्र पत्रकार छ कि छैन यो महत्वपूर्ण कुरा हुन्छ । पत्रकारितामा मिसावट पत्रकारिता हुन पुग्दछ भने त्यहाँ न्याय हुनेलाई अन्याय हुन पुग्दछ ।

बेलायतका सुप्रसिद्ध कानूनविद् Ivor Jennings द्वारा आफ्नो पुस्तक Parliament (1939) मा लेखिएको छ, 'कार्यकारिणी सत्तापक्षको र संसद प्रतिपक्षको हो ।' यो कुरा नेपालको संसदमा परम्परागत रूपमा हुँदै आएको छ । यथार्थ घटनालाई अघि सारेर संसदमा प्रतिपक्षले खेलेको भूमिकामा विष्लेषण गर्न सकिन्छ । एउटा अधिवेशन वा दुई अधिवेशनको अध्ययन गरी प्रतिपक्षीले खेलेको भूमिकाबारे विष्लेषण गर्न सकिन्छ । समितिले दिएका निर्देशनका विषयमा पनि तुलनात्मक अध्ययन गर्न सकिन्छ । समितिले उठान गर्नुपर्ने विषयमा गुपचुप हुन पुगेमा त्यसबारे अन्तरवार्ता गर्न सकिन्छ । अमेरिकाका २८ औं राष्ट्रपति Woodrow Wilson ले भनेका छन् 'संसद्का सदनहरू प्रदर्शनी कक्ष मात्र हुन् तर वास्तविक संसदीय कारवाही त समितिमा हुन्छ ।' यस भनाइबाट पनि के बुझिन्छ भने संसदीय समितिमा महत्वपूर्ण विषयमा बहस, छलफल, अनुगमन तथा निर्देशन हुन्छ । संसदीय समितिले गर्नुपर्ने दायित्व पूरा गर्न सके कि सकेनन् भन्ने कुराको उजागर पत्रकारिताले नै गर्नुपर्दछ ।

कुनै पनि संसदीय रिपोर्टरको मुख्य एजेण्डा भनेको जनतालाई शिक्षित गर्नु र उनीहरूलाई संसदभित्र के भइरहेको छ भनेर सचेत गराउनु हो । संसद पत्रकारले देशभरिको भाषा र संस्कृतिको गहिरो अध्ययन गर्नुपर्दछ । संसदमा बोलिने कुनै कुरालाई लिएर उसको भाषा र संस्कृतिको मानमर्दन गर्ने गरी समाचार सम्प्रेषण गर्नुहुँदैन । संसदमा के भइरहेको छ भन्ने कुरा जान्न नागरिकलाई अधिकार छ । पत्रकारले मात्र सबै कुरा बाहिर ल्याउन सक्ने हुँदा पत्रकारितामा अवरोध हुनासाथ जनताको

अधिकार हनन हुन पुग्दछ । संसदमा पत्रकारलाई छलफलमा नराखेर पारित भएका कतिपय विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भए लगत्तै संशोधनको मार खानुपरेको अवस्था पनि देखिन्छ भने कतिपय समितिबाट पारित भएर संसदमा पुगे पनि संसदबाट समितिमा फिर्ता पठाउनु परेको छ । संसदमा जे भइरहेको छ, सञ्चार माध्यमलाई खुला नै गर्न सके त्रुटी सच्याउने समेत मौका मिल्ने गर्दछ । सञ्चार माध्यममै आएको समाचारका कारण गुठी विधेयक फिर्ता भयो, राष्ट्रिय सुरक्षा परिषद् विधेयक फिर्ता हुने अवस्थामा छ र राष्ट्रिय मानव अधिकार आयोग विधेयक संसदमा दर्ता मात्र भएर अघि बढ्न सकेको छैन । राजनीतिक सहमति भएपछि मात्रै मिडिया काउन्सिल विधेयक अघि बढेको छ ।

पत्रकारले सांसदले देखाएको भूमिकालाई कुनै पूर्वाग्रह नराखी बाहिर ल्यानुपर्दछ, जसले सांसदभित्र उत्साह पनि बढ्न जाने हुन्छ । सांसद र पत्रकारबीच हरेक कुरामा अन्तरक्रियाको खाँचो हुनेहुँदा दुवै एक अर्कामा भर पर्ने अवस्था सिर्जना हुन्छ । सांसदले उठाएको विषयलाई नबङ्ग्याईकन बाहिर ल्याउने काम पत्रकारिताले गर्नुपर्दछ । पत्रकारिताले उठाएका गम्भीर विषयमा सांसदले संसद बैठक, समिति बैठकमा उठाउनु पर्दछ, जसबाट दुवैको सम्बन्ध सुमधुर हुने देखिन्छ ।

त्यसैगरी पत्रकारिताले जहिले पनि सकारात्मक र नकारात्मक दुवै कुराको खोजी गर्दछ, जसबाट संसदभित्रका कुरा जनता समक्ष पुग्ने गर्दछन् । संसदमा संसदको निर्णय, संसदमा उठेको विषय, सांसदको भूमिका, सांसदले उपलब्ध गराएका कागजात, संसदीय प्रस्तावका विषयमा पत्रकार बढी केन्द्रित हुनुपर्ने हुँदा पत्रकारले संसद सचिवालयसँग यस्तै खालका सहयोगको अपेक्षा गरेको हुन्छ ।

संसदीय पत्रकारिता संसद र जनताबीच सम्बन्ध  सेतु हो । यसले नागरिकलाई सचेत गराउन मात्र मद्दत गर्दैन, बरू नागरिकका आवाजहरूलाई समेत सांसदसम्म पुऱ्याउने वातावरण समेत निर्माण गर्दछ र संसदीय निगरानी बढाउनमा मद्दत गर्दछ । संसदीय निगरानी जति सशक्त र प्रभावकारी हुन्छ, सरकार संसदप्रति त्यति नै रूपमा जवाफदेही हुन्छ । त्यसकारण संसदीय मामिलाका सम्बन्धमा पत्रकारले खेल्ने भूमिका अहम् हुन्छ ।

## पत्रकारितामा नैतिकताको सवाल

नेपालको पत्रकारिताको इतिहास धेरै लामो छैन । राजनीतिक परिवर्तनसँगै स्वतन्त्र पत्रकारिताको अभ्यासमा हामी छौं । समाजमा भइरहेका र हुन लागेका घटनालाई अनुसन्धानपूर्ण ढंगबाट अध्ययन गरी जनतासमक्ष ल्याउने काम यसले गर्दछ । यसले सिंगो समाजमा सामाजिक व्यवहार र सामाजिक सम्बन्धका बारेमा बहस गराउने विश्लेषण गर्ने गरेको छ । पत्रकारिताका केही सीमाहरू जुन संविधानले तोकेको छ, ती बाहेक केही व्यक्तिगत तथा नैतिकतासँग जोडिएका प्रश्न हुन्छन्, यसमा पत्रकारिता सचेत हुनुपर्छ भन्ने मान्यता पत्रकारितामा छ । तर बाँकी सबै कुरामा पत्रकारिता स्वतन्त्र छ । विश्वमा दिनहुँ भइरहेको घटनालाई छनौट गरी त्यसलाई word, sound, picture आदिद्वारा जनसमक्ष पुर्‍याउने कामा पत्रकारिताले गरेको छ सबै घटनालाई बाहिर ल्याउने काम गर्न पत्रकारिताले गहन जिम्मेवारी पाएको छ । दिनहुँ घटेका घटनालाई समाचारको रूपमा

बाहिर ल्याएर जनतालाई सुसूचित पार्नु पत्रकारको दायित्व भएकाले पत्रकारिताले राजनीतिक आस्थाभन्दा टाढा रहेर जनताका हितमा कलम चलाउनु पर्दछ भन्ने मान्यता राख्दछ । राज्यलाई गतिशील बनाउँदै लैजाने काम पनि पत्रकारिताले गर्दछ । पत्रकारले पक्षपात नगरी समाचार बाहिर ल्याउनुपर्ने भएकाले ऊ सबैको विश्वासपात्र बन्न सक्छ । पत्रकार कुनै अमूक विचारबाट पोषित हुनुहुँदैन । विवेकशील मान्छे हुनुका नाताले पत्रकार कुनै पनि विचार या आस्थाबाट प्रभावित हुन सक्छ तर पत्रकारिताका दृष्टिले भने पत्रकार सधैं तटस्थ हुनुपर्दछ । पत्रकारको सम्बन्ध गरिब किसानको झुप्रोसँग पनि हुन्छ भने धनीको महलसँग पनि हुन्छ । सामान्य मानिससँग पनि हुन्छ र प्रतिष्ठित व्यक्तिसँग पनि हुन्छ । नेपोलियन बोनापार्टले पत्रकारको शक्तिलाई आँकलन गरेर भनेका छन्, "चारहजार सेनासँग भन्दा मलाई चारजना पत्रकारसँग बढी डर लाग्छ ।" पत्रकारिताको महत्वलाई हेरेर पत्रकारितालाई राज्यको चौथो अङ्ग हो भन्ने गरिन्छ । राज्य सञ्चालनमा तीनवटै निकायको Watch Dog को भूमिका पत्रकारिताले खेल्ने गरेको छ । पत्रकारिता राज्यको चौथो अङ्ग हो भन्ने कुरा एक बेलायती सांसद Edmund Burke (1729-1797 ) ले बताएका छन् । Whig पार्टीमा आबद्ध उनको पत्रकारिता राज्यको चौथो अङ्ग हो भन्ने भनाइ Thomas Carlyle ले उल्लेख गरेका छन् । Thomas Carlyle ले Heroes and Hero Worship in History मा लेख्छन् 'वर्कले भनेकी संसदमा राज्यका तीन अङ्ग छन् तर रिपोर्टरहरूको ग्यालरी चौथो अङ्गको रूपमा सबै भन्दा महत्वपूर्ण छ' । Oxford English Dictionary ले पत्रकारितालाई चौथो अङ्गको रूपमा राखेको छ, भने अन्यले अंग्रेजी निबन्धकार William Hazlitt लाई यसको श्रेय दिन्छन् । पत्रकारितालाई चौथो अङ्गको रूपमा लिनुभन्दा पहिले हुलतन्त्रलाई राज्यको चौथो अङ्ग मानिएको थियो ।

पत्रकार विलियम सफीरले लेखेका छन्, 'पत्रकारितालाई वर्णन गर्दा चौथो अङ्गको रूपमा लिने गरिएको छ । पत्रकार र समाचार संस्थालाई चौथो अङ्गको रूपमा आत्मसात् गर्दै गरिएको राज्य शक्तिमा उनीहरूको पहुँच र उनीहरूलाई हेर्ने व्यवहारले गर्दा हो ।' जब पत्रकार कुनै दल या समूहसँग निकट सम्बन्ध राखेर काम गर्छ, तब उसमा तटस्थता, विश्वसनीयता, सन्तुलन र निष्पक्षताको आशा गर्नु व्यर्थ हुन्छ । पत्रकारले कमाउनु पर्ने सबैभन्दा अमूल्य धन भनेको विश्वसनीयता नै यो हो । Gallup Organization, 2016 को रिपोर्ट अनुसार अमेरिकामा २००४ भन्दा पहिले धेरै अमेरिकीले सामूहिक मिडियामा विश्वास राख्नु सामान्य कुरा थियो । तर २००४ देखि आधाभन्दा कम अमेरिकीले त्यस्तो महसुस गर्दछन् । पछिल्लो समयमा एक तिहाइ अमेरिकीको मात्रै पत्रकारितामा भरोसा छ । अहिले पत्रकारितामा आम वितृष्णा आएको हुँदा अहिले यसलाई राज्यको चौथो अङ्ग भन्न पनि लाज मान्नुपर्ने अवस्था आएको टिप्पणी हुन थालेको छ ।

## निष्कर्ष

राज्यका तीन महत्वपूर्ण अङ्ग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका हुन् । पत्रकारिताले राज्यको चौथो अङ्गको रूपमा काम गर्दै आएको छ । प्रेसले राज्यका तीनै महत्वपूर्ण अङ्गलाई पारदर्शी, जवाफदेही, जनताप्रति उत्तरदायी भए नभएको विषयमा बहस गराउने, विश्लेषण गर्ने, भित्रका कुरा

बाहिर ल्याउने काम गर्दै गर्दा चौथो अङ्गमाथि प्रश्न उठ्न थालेको छ । राज्यको चौथो अङ्ग स्वच्छ र तटस्थ भयो कि भएन भन्ने कुराको समीक्षा गर्न जरूरी छ । देशमा भइरहेको विकृति/विसंगति, अपराध, भ्रष्टचारलाई छताछुल्ल रूपमा बाहिर ल्याउनुपर्ने मिडियामा पक्षपाती, पूर्वाग्रही तत्व हावी हुन पुगेमा पक्कै पनि देशमा अशान्ति पैदा हुनेछ । पत्रकारिताबाट आम राजनीतिज्ञ, नागरिक, पेशाकर्मी सबैले आफ्नो क्षेत्रमा भएका त्रुटिको समीक्षा नगर्ने हो भने पत्रकारिताले अराजकता मात्रै ल्याउने हुन्छ । पत्रकारिता स्वतन्त्र र तटस्थ भएमा मात्र मुलुकमा समृद्धि आउनेछ । मुलुकलाई सही दिशामा हिँडाउन राज्यका अन्य निकाय र पत्रकारिताले भूमिका खेल्ने हो भने समाजमा एउटा ठूलो क्रान्ति आउने छ । मूल राजनीतिको असर संसदभित्र पर्ने भएका कारण संसदमा सत्तापक्ष र प्रतिपक्षले खेल्ने भूमिका तथा कमीकमजोरीलाई विश्लेषण गर्दै मिडियाले निरन्तर उजागर गर्न सकेमा विकृति आउनबाट रोकिने छ । राजनीतिज्ञ र पत्रकारबीचको सम्बन्ध यस्तो होस् कि दुवैले अनियमतिता र भ्रष्टाचारलाई निर्मूल पार्न सहयोग पुगोस् । संसदमा राजनीतिक चलखेल हुने भएकाले लबी रिपोर्टिङ शुरू गराउन आवश्यक परेको छ साथै संसदमा अनुभवी र नैतिकवान् पत्रकारको पनि खाँचो देखिन थालेको छ ।

**सन्दर्भ सामग्री**


१. नेपालको संविधान (२०७४) ।
२. अन्तरिम संविधान २०६३ ।
३. प्रतिनिधि सभा र राष्ट्रिय सभा नियमावली २०७४ ।
४. संसदीय पत्रकारिता पुस्तक ।
५. Siebert, F., Peterson, T., & Schramm, W. (1956). Four theories of the press
६. नेपाली पत्रकारिता सम्बन्धी विभिन्न पुस्तक, समाचार र लेखहरू ।
७. अन्तर्राष्ट्रिय लेखकका लेख–रचना ।